नेपाल सरकार
राष्ट्रिय सुरक्षा परिषदको
सचिवालय
२०५८

फोन नं. : ४-२००१५७, ४-२००१५८
फ्याक्स नं. : ४-२००१४८
इमेल : office@nscsec.gov.np
सिंहदरवार, काठमाडौं, नेपाल ।

# प्रेस विज्ञप्ति

मितिः- २०८३/०४/१४ गते।

## राष्ट्रिय सुरक्षा परिषद्को बैठक सम्पन्न भएको सम्बन्धमा

आज मिति २०८३/०४/१४ गते सिंहदरबार स्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष श्री वालेन्द्र शाहज्यूको अध्यक्षतामा माननीय अर्थ मन्त्रीज्यू, माननीय परराष्ट्र मन्त्रीज्यू, माननीय गृह मन्त्रीज्यू, मुख्य सचिवज्यू, प्रधान सेनापतिज्यू लगायतको उपस्थितिमा राष्ट्रिय सुरक्षा परिषद्को ४३ औं बैठक सम्पन्न भएको छ। उक्त बैठकमा देशको समग्र सुरक्षा अवस्थाको मुल्यांकन साथै मिति २०८३।०४।१० गते सुनसरी जिल्लामा घटेको घटनाको समीक्षा गरियो। आगामी दिनहरूमा यस्ता घटना घट्न नदिनको लागि सबै सुरक्षा निकाय तथा सरोकारवालासंगको समन्वयमा सामाजिक सद्भाव र राष्ट्रिय एकताको भावनालाई कायम गर्दै प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने/गराउने। साथै, विपद् प्रतिकार्यको लागि सम्बन्धित निकायहरुबीच समन्वय गरी समयमै खोज, उद्धार र राहतका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने विषयमा छलफल भयो।

(केदारनाथ शर्मा)
सचिव, रक्षा मन्त्रालय
एवम्
सदस्य-सचिव
राष्ट्रिय सुरक्षा परिषद्